सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

विज्ञापन गराउन सम्पर्क गर्नुहोस् ।

यस खबर दर्पण दैनिक पत्रिकामा आफ्नो पसल, व्यापारिक प्रतिष्ठान, उद्योग, संघ संस्था, लगायतको प्रचार प्रसारको लागि अवश्य सम्पर्क गर्नुहोस् ।

सम्पर्क नं. : ९८४४०२५१८४, ९८०७६७५१२५, ९८५४०२९०५३, ९८०७८५०५८१, ९८६३६३२९८९

♦ वर्ष ७ ♦ अंक २०७ ♦ २०८१ साल वैशाख ११ गते मंगलवार♦ 23 April 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com

## बर्दिवासमा मोटरसाइकल दुर्घटना हुँदा श्रीमान श्रीमतीको मृत्यु

**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, बर्दिवास**

महोत्तरीमा मोटरसाइकल दुर्घटना हुँदा श्रीमान श्रीमतीको मृत्यु भएको छ ।

बर्दिबासमा सोमबार भएको मोटरसाइकल दुर्घटनामा सर्लाहीको ईश्वरपुर-५ का ३५ वर्षीय मनोज चौधरी र उनकी श्रीमती २४ वर्षकी शिवानी चौधरीको मृत्यु भएको प्रहरीले जनाएको छ ।

दुबैजना सवार प्र. ०२-०४३ प ७१८४ नम्बरको मोटरसाइकल बर्दिबास नगरपालिका-२ कालापानी जंगल क्षेत्रमा दुर्घटना भएको थियो ।

दुर्घटनामा गम्भीर घाइते भएका दुवैको उपचारका लागि जनसेवा अस्पताल, बर्दिबास लैजाने क्रममा बाटैमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

## धनुषामा आगलागी हुँदा जलेर एक महिलाको मृत्यु



**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, महेन्द्रनगर**

धनुषामा आगलागी हुँदा जलेर एक महिलाको मृत्यु भएको छ ।

मृत्यु हुनेमा धनुषाको हंसपुर नगरपालिका १ भगवानपट्टी बस्ने लक्ष्मण कापरकी श्रीमती ४२ वर्षीय विन्देश्वरी कापर रहेको प्रहरीले जनाएको छ ।

सोमबाबर दिउँसो आँप बगैंचामा रहेको परालको तीनवटा थुप्रोमा आगलागी भएको थियो । प्रहरी र वारुणयन्त्रको सहयोगमा आगलागी नियन्त्रण गर्ने क्रममा जलेको अवस्थामा मण्डलको शव भेटिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

शव पोस्टमार्टमका लागि प्रादेशिक अस्पताल जनकपुरमा राखिएको छ । घटना विषयमा थप अनुसन्धान गरिरहेको धनुषा प्रहरीले जनाएको छ ।

## श्रीमतीको हत्या गरेको आरोपमा ७ महिना पछि श्रीमान् र जेठाजु पक्राउ

**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, महेन्द्रनगर**

धनुषामा श्रीमतीको हत्या गरेको आरोपमा श्रीमान् र जेठाजु पक्राउ परेका छन् । सात महिनाअघि श्रीमतीको हत्या गरी फरार रहेका दुवैजनालाई धनुषा प्रहरीले पक्राउ गरेको हो ।

पक्राउ पर्नेमा धनुषाको सहिदनगर नगरपालिका-७ नेमुवाटोलका ५५ वर्षीय सुदीप ठाकुर र ६० वर्षीय उदित ठाकुर छन् । दुवैमाथि ४५ वर्षीया रेखादेवी ठाकुरको हत्या गरेको आरोप छ। पक्राउ परेका सुदीप रेखादेवीका श्रीमान् तथा उदित जेठाजु रहेको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक रञ्जन अवालेले जानकारी दिनुभयो ।

गत वर्ष कात्तिक १० गते रेखादेवीको उनका श्रीमान् सुदीपसँग विवाद भएको थियो। श्रीमानले बञ्चरोले टाउकोमा प्रहार गरेपछि रेखादेवीको घटनास्थलमै मृत्यु भएको थियो । घटनाको भोलिपल्ट सुदीपले आफ्नै घरभित्र खाल्डो खनी रेखादेवीको शव पुरेका थिए। उनले घटनाबारे सहोदर दाजु उदितलाई जानकारी गराएको अनुसन्धानका क्रममा खुलेको प्रहरी नायब उपरीक्षक अवालेले बताउनुभयो ।

“घटनापछि दुवै दाजु-भाइ भारतमा काम गर्न गएको खुलेको छ”, उहाँले भन्नुभयो। दुवैजना गत वर्ष कात्तिक ३० गते घर फर्किएका थिए । दाजुभाइले खाल्डोबाट शव निकाली बोरामा हालेर सहिदनगर-७ नेमुवाटोल नजिकै खोल्सामा फालेको खुलेको छ। हत्याको लामो समयपछि आमा बेपत्ता भएको बारेमा छोरोले प्रहरीलाई खबर गरेको प्रवक्ता अवालेले बताउनुभयो । अनुसन्धानका क्रममा रेखादेवीको हत्या भएको खुलेको उहाँले बताउनुभयो । प्रवक्ता अवालेका अनुसार घटनास्थलबाट हत्यामा प्रयोग भएको बञ्चरो र कोदालो बरामद गरिएको छ । शवको टुक्रा पनि फेला परेको प्रहरीले जनाएको छ । घटनाबारे प्रहरीले थप अनुसन्धान गरि रहेको छ ।

## बर्दिवास मै पहिलो पटक

अब शुभस्वस्तिकको आफ्नै भवनमा अत्याधुनिक मेसिनबाट सर्जरी सेवा तथा अन्य सेवासुविधा सहित नव वर्ष २०८१ वैशाख १ गते बाट १५ दिन सम्म विशेष छुटको अवसर मा रहेको सम्पूर्ण महानुभावहरुलाई सूचना गराउन चाहन्छौं।

**हाम्रा सेवाहरु:**

**लाप्रोस्कोपी सर्जरी, इनडोस्कोपी सर्जरी, युरोलोजी सर्जरी, डायोड लेजर २४सै घण्टा इमर्जेन्सी सेवा**






# जानकी आँखा अस्पतालका कर्मचारीहरू आन्दोलनमा

**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, जनकपुरधाम**

मधेश प्रदेशको जिल्लाहरूमा आँखा उपचारको क्षेत्रमा अग्रणी स्वास्थ्य संस्थाको रुपमा रहेको नेपाल रेडक्रस सोसाइटीले सञ्चालन गरेको जानकी आँखा अस्पताल अस्वस्थ बनेका छन्। आँखा अस्पतालको भवन निर्माणमा स्विस रेडक्रसले २००७ मा गरेदेखि भवन सहितको भौतिक संरचनाको मर्मत संहार तथा संरक्षण व्यवस्थापन पक्षले नगर्दा अहिले बिग्रिन थालेको छ । संस्थाको सुधारको माग सहित आँखा अस्पतालमा कार्यरत रहेका कर्मचारी युनियन तथा स्थानीयवासी डेढ साता आन्दोलनमा उत्रेका छन् ।

स्थानीयले आँखा अस्पतालको आर्थिक आय व्ययलाई अपार दर्शी किसिमले परिचालन गरेको, विना प्रक्रिया कर्मचारी भर्ना गरेको, एउटै व्यक्ति चार वटा पदमा रहेको, आँखा अस्पताललाई व्यक्तिगत सम्पत्ति ठान्ने गरेको, संस्थाको अव्यवस्थापनका कारणले कर्मचारीहरूले विगत ३ महिना देखि तलव भत्ता नपाएको भन्दै पारदर्शीता तथा जबाफदेहिताको माग सहित आन्दोलनमा उत्रेका छन् ।

संस्थाको सुधारका लागि युनियनले पारदर्शी किसिमले सञ्चालन गर्न तथा संस्थाको विधान अनुसार सञ्चालन गर्न, एक्कै व्यक्ति धेरै पदमा रहेका कारणले संस्था प्रगतिको साटो अधोगति तर्फ जान थालेकाले सुरक्षा गर्नका लागि माग गरेका छन् ।

पुरानो स्वतन्त्र कर्मचारी युनियनले पत्रकार सम्मेलन सहितको अन्तरक्रिया गर्दै आँखा अस्पतालमा हुने गरेको भ्रष्टाचारको नियन्त्रण गरि कामकाज तथा



आयलाई पारदर्शी बनाउनका लागि माग गरेको छ। युनियनका अध्यक्ष नुतन कुमार झाको अध्यक्षतामा भएको सो कार्यक्रममा सहभागीहरूले संस्थाका अध्यक्षले प्रमुख जिल्ला अधिकारीले बोलाएको मिटिङ नआउने गरेको तथा समितिलाई विस्तार गर्न नखोजेको जनाएका छन् ।

जानकी आँखा अस्पतालसँगै स्थापना भएको लहान आँखा अस्पतालले वर्षमा १ लाख आँखाको शल्यक्रिया गरेपनि यो अस्पतालले १० देखि १२ हजार मात्र गर्ने गरेको गुनासो गरेका छन् । आँखा अस्पतालमा हुने गरेको अनियमितता नरोकिएको खण्डमा थप सङ्घर्षमा उत्रने पनि कर्मचारी युनियनले जनाएका छन् ।

अन्तरक्रिया तथा सर्वपक्षीय बैठकमा आँखा अस्पतालको सुधारको माग गर्दै पटक पटक आन्दोलन गर्दै आएका स्थानीय व्यवसायी श्याम सुन्दर झा, स्थानीयवासी हरिश्चन्द्र यादव, जनमतका स्थानीय नेता रञ्जित कुमार राय, समाजवादी ट्रेड युनियनका मधेश प्रदेशका अध्यक्ष उदय मिश्र सहितका स्थानीयवासीले आँखा अस्पतालको सुधारको माग गर्नु भएका थिए ।

# मोटर साइकल हरायो

मिति २०८० फागुन २९ गते तपसील विवरण भएको मोटर साइकल हराएको हुँदा भेटनु हुने महानुभावले नजिकैको प्रहरी चौकीमा खबर गरेर सहयोग गरिदिनु हुन अनुरोध छ।

इन्जिन नम्बर : G3J3E0527395
चेचिस नम्बर : ME1RG44B9L0079324
गाडी नम्बर : प्रदेश २-०२-००३प-२८३५
रंग : नेभी ब्लु
मोडल : FZS ABS
कम्पनी : यामाह
मोसा धनिको नाम : उद्धव बुढाथोकी
ठेगाना ईश्वरपुर नगरपालिका १२ घारीबथान
हराएको मिति : २०८० फागुन २९ गते बर्दिवास नगर पालिका १४ स्थित चोकबाट चोरी भएको ।
सम्पर्क नम्बर : ९८६०१७०५४९

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**एकडारा गाउँपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**लोहारपट्टी नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**मनरा सिस्वा नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**जलेश्वर नगरपालिका, महोत्तरी**

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**वृष-** अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्। उपहारआदी प्राप्त हुनेछ। उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-**समय अनुकुल छ । व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ । यात्रा हुने योग छ । अचल सम्पती जोर्न सकिन्छ ।

**कर्कट -** अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिदैन।

**सिंह -**सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**कन्या -** लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**तुला -** समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**वृश्चिक -** सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु -** प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**मकर -**आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कुम्भ-** व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ।पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ । धार्मिक यात्राको योग रहेको छ ।

**मीन** -मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । अपूरा कार्य पूर्ण हुनेछन्।

# भूमिगत सिँचाइका लागि धनौजी गाउँपालिका र विद्युत् प्राधिकरणबीच सहकार्य

**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, जनकपुरधाम**

धनुषाको धनौजी गाउँपालिकाले भूमिगत सिँचाइ योजना सञ्चालनका लागि नेपाल विद्युत् प्राधिकरणसँग सहकार्य गरेको छ ।

योजना सञ्चालनका लागि पालिकाले चालु आर्थिक वर्षमा २ करोड १३ लाख ५० हजार र कम प्राधिकरणमा जम्मा गरेको छ भने विद्युत् प्राधिकरणले जनकपुर वितरण केन्द्रमार्फत योजना निर्माणमा थप ५३ लाख ३७ हजार ५ सय पूर्वाधार निर्माणमा लगानी गर्नेछ ।

धनौजी गाउँपालिकाका अध्यक्ष राजकुमार साहले प्राधिकरणलाई पालिकाका तर्फबाट बुझाउनुपर्ने रकम बैङ्कमा जम्मा गरेको भौचरसहितको चेक प्राधिकरणको जनकपुर वितरण केन्द्रका प्रमुख सुनिल कुमार महतोलाई आज हस्तान्तरण गर्नुभयो ।

चेक हस्तान्तरण गर्नुहुँदै अध्यक्ष साहले प्राधिकरणले चाँडै विद्युतीकरणको काम गर्ने विश्वास व्यक्त गर्नुभयो ।

भूमिगत सिँचाई योजना अन्तर्गत पालिकाका विभिन्न वडामा विद्युतीकरणसहितको अन्य पूर्वाधारको निर्माण गरिनेछ । धनौजी गाउँपालिकाको वडा नं १ देखि ५ वडासम्म विद्युत् सिँचाइका लागि योजना सञ्चालन गरिने पालिकाले जनाएको छ ।

पालिकाले १ वडामा न्यूनतम ३० लाखदेखि अधिकतम ६० लाखको भूमिगत सिँचाइका लागि विद्युत्को संरचनाको निर्माण गर्नका लागि बजेट विनियोजन गरेको छ ।

पालिकाले कृषि उत्पादन बढाउन तथा किसानलाई सहुलियत दिन विद्युत् सिँचाइका लागि आवश्यक पर्ने पूर्वाधारको निर्माण गर्न लागेको हो ।

पालिका तथा विद्युत् प्राधिकरणको सहकार्यमा किसानलाई सस्तो दरमा विद्युत् सिँचाइका लागि पूर्वाधारको निर्माण भएसँगै यहाँका किसान प्रत्यक्ष रूपमा लाभान्वित हुनेछन् ।

# सप्तरीमा २४ घर जलेर नष्ट



**खबर दर्पण समाचारदाता**
**वैशाख १० गते, बर्दिवास**

सप्तरीको कञ्चनरुप नगरपालिका ५ पडेमारा स्थित सरदार टोलमा आइतबार दिउँसो भीषण आगलागी हुँदा लाखौँको क्षति भएको छ। आगलागीबाट ११ परिवारको २४ घर डढेर खरानी भएको हो ।

प्रहरीका अनुसार ११ परिवारको २४ घर जल्दा घरमा रहेको अन्नपात लत्ता कपडा जलेर खरानी हुँदा लाखौँको क्षति भएको छ। स्थानीय लाल मोहन सरदारको गोठको चुलोमा बालेको आगोबाट अचानक आगलागी हुँदा ११ परिवारको २४ घर जलेर नष्ट भएको हो ।

आगलागीबाट कुनै मानवीय क्षति नभएको र १२ जनाको २४ वटा घर टहरा, १ वटा बाख्रा, १ वटा बाख्राको पाठो जली पूर्ण रुपमा क्षति हुँदा रु २५ लाख बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय, सप्तरीका सूचना अधिकारी प्रहरी नायव उपरीक्षक ( डिएसपी) ढुण्डीराज न्यौपानेले जानकारी दिनुभयो ।

आगोलाई राजबिराज नगरपालिका, मधेश प्रदेश तालिम केन्द्र राजबिराज, हनुमानगर कंकालिनी नगरपालिका र कञ्चनरुप नगरपालिकाको दमकल र नेपाल प्रहरी, सशस्त्र प्रहरी र स्थानीयहरूको सहयोगमा साढे ४ बजे नियन्त्रणमा लिएको थियो ।

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**पिपरा गाउँपालिका, महोत्तरी**

## सुरक्षितरुपमा वैदेशिक रोजगारमा जाऔं

- सीप सिकेर मात्र वैदेशिक रोजगारीमा जाऔं,
- आधिकारिक संस्थाबाट स्वास्थ्य परीक्षण र बीमा गराऔ,
- अनिवार्य रुपमा अभिमुखिकरण तालिम लिऔं,
- अनिवार्य रुपमा श्रम स्वीकृती लिऔं,
- कामदार भिसामा मात्र वैदेशिक रोजगारमा जाऔं,
- वैदेशिक रोजगारीमा जानुअघि घर-परिवारसँग सरसल्लाह गरौं,
- मानसिक रुपमा तयार होऔं र
- आफ्नो सबै कागजातको एकएक प्रति घर-परिवारलाई छोडौं।

**महोत्तरी गाउँपालिका, महोत्तरी**

## मुटुरोग लगायतका स्वास्थ्य समस्याबाट बचन:

- चिल्लो तथा बोसोयुक्त खानेकुरा कम खाऔं।
- नियमित रुपमा शारीरिक व्यायाम गरौं।
- मोटोपन, कोलेस्ट्रोल, उच्च रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं।
- धुम्रपान र मद्यपान नगरौं।

**बलवा नगरपालिका, महोत्तरी**

## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**सम्सी गाउँपालिका, महोत्तरी**

## हावाहुरी र आगलगीबाट बचौं

सुख्खा र तातो मौसम चढे लगत्तै हावाहुरीको सम्भावना अधिक भएकोले जथाभावी आगो नबालौं।

बालबालिकाहरुलाई सलाई, लाईटर वा घुँरको आगोबाट टाढा राखौं।

फागुनदेखि बैशाखसम्म सुख्खा मौसम पश्चिमी वायु चल्दा सुख्खापनले आगो लाग्ने सम्भावना अधिक हुन्छ, आगो बालेर नछाडौं।

घरको छाना, घर लगत्तै अधिक मात्रामा सुख्खा दाउरा नराखौं, दाउरा राखेपनि आगोबाट अधिक टाढा राखौं।

माथिल्लो छतहरुमा राखिएको फूलको गमलाहरु हावाहुरीमा सुरक्षित राखौं।

सवारी साधन चलाउने बेलामा हावाहुरी आउँदा रोकेर बसौं।

**औरही नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**गौशला नगरपालिका, महोत्तरी**

# आज सार्वजनिक बिदा

**खबर दर्पण समाचारदाता**

**वैशाख १० गते, बर्दिवास**

राष्ट्र प्रमुखसमेत रहेका कतारका अमिर (राजा) शेख तमिम बिन हमाद अल थानी दुईदिने भ्रमणका लागि मंगलबार नेपाल आउने भएपछि नेपाल सरकारले उनको सम्मानमा एक दिन सार्वजनिक बिदा दिने भएको छ। सोमबार बसेको मन्त्रि परिषद् बैठकले सार्वजनिक बिदा दिने निर्णय गरेको हो।

राष्ट्रपति रामचन्द्र पौडेलको निमन्त्रणामा उनको भ्रमण हुन लागेको हो। पहिलोपल्ट कतारका राजा नेपाल आउन लागेका हुन्। दुई निजी जहाज लिएर आउन लागेका उनका साथमा आधा दर्जनभन्दा बढी मन्त्री हुने बताइएको छ।

उनको भ्रमणपूर्व नै तयारीका लागि ५० भन्दा बढी कतारी प्रतिनिधि काठमाडौं आउने छन्। नेपालस्थित कतारी राजदूत मिस्हल बिन मोहम्मद अल अन्सारीले भ्रमणको गृहकार्य अन्तिम चरणमा रहेको बताए।

परराष्ट्र मन्त्रालयका अनुसार कतार का अमिरले मंगलबार राष्ट्रपति पौडेलसँग शीतल निवासमा भेटवार्ता गर्नेछन्। प्रधानमन्त्री पुष्पकमल दाहालसँग भने बुधबार द्विपक्षीय वार्ता गरी केही सम्झौता र समझदारीमा हस्ताक्षर हुने कार्यक्रम तय भएको छ। उनी बुधबार बेलुका नै कतार फर्कने छन्। कतार न्युज एजेन्सीले एसियाली मुलुकको भ्रमणमा निस्केका राजाले सम्बन्धित मुलुकका नेता तथा वरिष्ठ अधिकारी हरूसँग सहकार्य अभिवृद्धि गर्ने तथा विभिन्न क्षेत्रमा सम्झौता र समझदारीपत्रमा हस्ताक्षर हुने उल्लेख गरेको छ। तीन एसियाली मुलुकको भ्रमणका लागि गत आइतबार दोहाबाट फिलिपिन्स उडेका कतारी अमिर बंगलादेश हुँदै नेपाल आउन लागेका हुन्।

# मटिहानीमा आयोजित मेयर कप फुटबल प्रतियोगिताको उपाधी जलेश्वर फुटबल क्लबलाई

**धवेन्द्रकुमार यादव 'यदुवंशी'**

**वैशाख १० गते, महोत्तरी**

महोत्तरी जिल्लाको मटिहानी नगरपालिका स्थित मटिहानी रंगशालामा आयोजित प्रथम मेयर कप फुटबल प्रतियोगिताको फाइनल खेलमा जलेश्वर फुटबल क्लबले एभेरेष्ट एकेडमी फुटबल क्लब सर्लाहीलाई ४-१ गोलको अन्तरले पराजित गरी उक्त प्रतियोगिताको उपाधी हात पारेको छ।

सोमवार मटिहानी रंगशालामा आयोजित प्रथम मेयर कप फुटबल प्रतियोगिताको फाइनल खेल जलेश्वर फुटबल क्लब र एभेरेष्ट एकेडमी फुटबल क्लब सर्लाही बीच भएको थियो। जसमा खेलको निर्धारित समयमा कुनै टीमले गोल हान्न नसकदा खेल पेनाल्टीमा गएको थियो।त्यसपछि पेनाल्टीमा जलेश्वर फुटबल क्लबले ४ र एभेरेष्ट एकेडमी फुटबल क्लब सर्लाहीले १ गोल मात्र हान्न सकेका थिए।

त्यसै क्रममा उक्त प्रतियोगिताको विजेता टीमलाई रु. ५० हजार र उप-विजेता टीमलाई रु.२५ हजार सहित मेडम, कप र प्रमाण पत्र मटिहानी नगरपालिकाका नगर प्रमुख हरि प्रसाद मंडल, महोत्तरी जिल्लाका प्रमुख जिल्ला अधिकारी शिवराम गेलाल, स.प्र.ब.नेपाल नं. ९ गण हे. क्वाटर महोत्तरीका स.प्र.उ.विनोद केसी,सहायक प्रमुख जिल्ला अधिकारी उपेन्द्र न्यौपाने,राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय महोत्तरीका प्रमुख सुदिप अधिकारीले संयुक्त रुपमा प्रदान गर्नुभयो।




उक्त प्रतियोगितामा तपसिलका खेलाड़ीहरु उत्कृष्ट भएका छन्।

१) उत्कृष्ट खेलाड़ी :- संजीव कार्की - जलेश्वर फुटबल क्लब

२) उत्कृष्ट गोलकीपरः- जय राम चौधरी- जलेश्वर फुटबल क्लब

३) उत्कृष्ट मिडफील्डरः- सुमन योन्जन - एभेरेष्ट एकेडमी फुटबल क्लब सर्लाही

४) उत्कृष्ट फॉरवार्ड :- समीर राई - एभेरेष्ट एकेडमी फुटबल क्लब सर्लाही


## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**रामगोपालपुर नगरपालिका, महोत्तरी**



## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।



**मठिहानी नगरपालिका, महोत्तरी**



## हावाहुरीबाट जोगिने उपायहरु

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छतका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।



**बर्दिवास नगरपालिका, महोत्तरी**

## डढेलोबाट बचौं र बचाऔं ।

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्तीसमेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं।

**सोनमा गाउँपालिका, महोत्तरी**

## जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
९८५४०२१३९५, ९७४८४५७४९०

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्वारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्वारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३दीको रोग प्रत्येक महिनाको पहिलो हप्ता

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुविधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्वारा अप्रेशन सुविधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा